# नेपाल राष्ट्र बैंक

पोखरा कार्यालय

**कार्यालयको फर्नेस पुन : निर्माण तथा अतिथि आवास गृहतर्फ फेवा, रुपा र बेगनास ब्लकको भित्री भाग रङ्गरोगन गर्ने बारेको**

**सिलवन्दी दरभाउपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७२/०८/०१**

**सिलवन्दी दरभाउपत्र फाराम आईपुग्नु पर्ने अन्तिम मिति २०७२/०८/१५ गते दिनको ३.०० बजे भित्र**

**दरभाउपत्र फाराम खोल्ने मिति २०७२/०८/१६ गते समय : दिनको २:३० बजे**

यस कार्यालयको फर्नेस पुन : निर्माण गर्ने तथा अतिथि आवास गृहतर्फ फेवा, रुपा र बेगनास ब्लकको भित्री भाग रङ्गरोगन गर्नुपर्ने भएको हुंदा मूल्य अभिवृद्धिकरमा दर्ता भएका ईजाजतप्राप्त फर्म/कम्पनी/सेवा प्रदायकहरुलाई यो सूचना प्रकाशित भएको मिति तथा समयभित्र देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिन्छ ।

**शर्तहरु :**

१. दरभाउपत्रदाताले खाम बाहिरपट्टी शीरमा **"बुँदा नं. २ मा उल्लेखित आफुले पुन :निर्माण तथा रंगरोगन गर्न चाहेको शीर्षक"** लेखी **श्री निर्देशक, नेपाल राष्ट्र बैंक, पोखरा कार्यालय**लाई सम्बोधन गरेको हुनु पर्नेछ ।

२. तल उल्लेखित पुन :निर्माण तथा रंगरोगन कार्य सम्बन्धी दरभाउपत्र पेश गर्दा छुट्टाछुट्टै खामबन्दी गरी पेश गर्नु पर्ने छ ।

| क्र.सं. | विवरण | परिमाण | लागत रु . (मु.अ.कर सहित) |
|---|---|---|---|
| १. | कार्यालयको फर्नेस पुन : निर्माण | १ | ९,७४,६११।२९ |
| २. | अतिथि आवास गृहतर्फ फेवा, रुपा र बेगनास ब्लकको भित्री भाग रङ्गरोगन | १ | ३,९१,९२५।१५ |

३. दरभाउपत्र फारमसाथ फर्म वा कम्पनीको नविकरण भएको व्यवसाय दर्ता प्रमाण पत्र, गत आर्थिक बर्षको आयकर चुक्ता एवं मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

४. दरभाउपत्र पेश गर्दा दरभाउपत्र पेश गर्नेले आफूले दरभाउपत्रमा कबुल गरेको कुल रकमको कम्तीमा ३ (तीन) प्रतिशतले हुन आउने रकममा नघटाई यस बैंकको स.के.हि. खाता नं. १८०९९९.०११.०००.५२४ मा नगद जम्मा गरेको भौचर वा यस बैंकबाट ईजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाबाट दरभाउपत्र पेश गर्ने अन्तिम मितिले कम्तीमा ७५ (पचहत्तर) दिनको लागि जारी गरेको सो रकम बराबरको जमानत पत्र पेश गर्नु पर्नेछ । उक्त विडवण्ड दरभाउ सम्बन्धी निर्णय भएपछि फिर्ता गरिने छ ।

५. निर्णय अनुसार स्वीकृति पाउने दरभाउपत्रदाताले सूचना पाएको मितिले ७ (सात) दिन भित्र आफुले कबूल गरेको रकमको ५ (पाँच) प्रतिशतले हुने नगदै वा कुनै बैंक वा वित्तीय संस्थाले १ (एक) वर्षका लागि जारी गरेको कार्य सम्पादन जमानत (Performance Guarantee) पेश गरी खरिद सम्झौता गर्नुपर्नेछ ।

६. प्राप्त दरभाउपत्र स्वीकार गर्ने, नगर्ने तथा दरभाउपत्र पूर्णरुपमा वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।

७. दरभाउपत्र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट सोही समयमा दरभाउपत्र पेश गर्ने वा निजको प्रतिनिधहरुको रोहबरमा नेपाल राष्ट्र बैंक, पोखरा कार्यालयमा दरभाउपत्र खोलिने छ, तर दरभाउपत्र पेश गर्ने वा निजका प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पुग्ने छैन ।

८. दरभाउपत्र यस बैंकको आन्तरिक प्रशासन फाँटबाट रु. ५००।- (अक्षरेपी पाँच सय मात्र) तिरी (फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।

९. यस सम्बन्धी अन्य शर्तहरु बैंकले दरभाउपत्रमा उल्लेख गरे अनुसार हुनेछ । थप जानकारी चाहिएमा यस कार्यालयको फोन नं. ०६१-४६२७१४ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

१०. उपरोक्त अनुसार रीत नपुगेको वा म्यादभित्र प्राप्त नभएको दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।

११. यो सूचना www.nrb.org.np मा समेत हेर्न सकिनेछ ।

***निर्देशक***